**आकाशवाणी समाचार- नेपाली**
मितिः ०८ जून २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यका सीमावर्ती जिल्लाहरूमा रहेका डिटेन्सन सेन्टरहरूबाट लगभग ४८ सय अवैध आप्रवासीलाई बङ्गलादेश पठाइएको र ती केन्द्रहरूबाट ८३६ जनालाई डिपोर्ट गरिने बताएका छन्।

- राष्ट्रीय स्वास्थ्य प्राधिकरण र पश्चिम बंगाल सरकारले राज्यमा आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना- एबी पीएम-जेएवाई लागू गर्नका लागि समझौता ज्ञापनमा आज हस्ताक्षर गर्नेछ।

- पश्चिम बंगाल की महिला, बाल विकास एवं सामाजिक कल्याण मंत्री **अग्निमित्रा पॉल** ले दार्जीलिङ, मिरिक, खर्सांग , कालिम्पोङ र सिलिगुडीलाई चाँडै पाँच हिमाली शहरहरूको रूपमा विकास गरिने बताउनु भएको छ।

- **राष्ट्रिय परीक्षण एजेन्सीले २१मईमा हुने NEET-UG २०२६ को पुनर्परीक्षाको लागि केन्द्रहरूको सूचना जारी गरेको छ।**

- भूटानमा आएको ५.८ तिब्रताको भूकंप पछि भारतमा सिक्किम र उत्तर बंगालका केही भागहरुमा पनि भूकम्पको झटका महसूस गरिएको छ।

**<u>पश्चिम बंगाल- आयुष्मान भारत</u>**

पश्चिम बंगाल आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना- एबी पीएम-जेएवाई लागू गर्ने 36औ राज्य बनन गइरहेको छ। यो विश्वको सबैभन्दा ठूलो सार्वजनिक वित्त पोषित स्वास्थ्य बीमा योजना हो। राष्ट्रीय स्वास्थ्य प्राधिकरण र पश्चिम बंगाल सरकारले राज्यमा एबी पीएम-जेएवाई लागू गर्नका लागि समझौता ज्ञापनमा आज हस्ताक्षर गर्नेछ। इस समझौता ज्ञापन नयाँ दिल्लीमा केंद्रीय स्वास्थ्य र परिवार कल्याण मंत्री जे.पी. नड्डा र पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीको उपस्थितिमा हस्ताक्षर गरिनेछ।यो कदम देशको सबै नागरिकहरुको लागि समान र सुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने दिशामा एक महत्वपूर्ण कोसेढुंगा हो। यसले गुणस्तरीय र सस्तो स्वास्थ्य सेवामा पहुँच बढाएर राज्यको स्वास्थ्य सेवा प्रणालीलाई पनि बलियो बनाउनेछ।

**<u>पश्चिम बंगाल-बांग्लादेश</u>**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यका सीमावर्ती जिल्लाहरूमा रहेका डिटेन्सन सेन्टरहरूबाट लगभग ४८ सय अवैध आप्रवासीलाई बङ्गलादेश पठाइएको र ती केन्द्रहरूबाट ८३६ जनालाई डिपोर्ट गरिने बताएका छन्।
मुख्यमन्त्रीले भन्नु भयो कि अवैध आप्रवासन एक गम्भीर समस्या हो र उनको सरकारले भारत-बङ्गलादेश सीमा सुरक्षित गर्न आवश्यक ५५६ किलोमिटरको तारबारमध्ये १०० किलोमिटर तारबार लगाउन बीएसएफलाई जमिन दिएको छ।श्री अधिकारीले बताउनु भयो कि उनको सरकारले केंद्र सरकारको कानून अनुसार नागरिकता संशोधन ऐन (सीएए) को दायरामा नआउने अवैध

आप्रवासीहरूलाई देश निकाला गर्न सुरु गरेको छ। अवैध आप्रवासीलाई सिधै बीएसएफको जिम्मा लगाइएको छ। श्री अधिकारीले आरोप लगाउनु भयो कि अघिल्लो टीएमसी सरकारले राज्यमा जनगणनाको काम सुरु गरेको थिएन। भाजपा सरकारले जनगणनाको काम सुरु गरेको छ। जनगणनाका लागि प्रदेशमा १ अगस्ट देखि १५ सम्म सर्वेक्षण गरिनेछ। सरकारले अन्नपूर्ण योजना अन्तर्गत राज्यका ५० लाख महिलालाई प्रति महिला ३ हजार रुपिया हस्तान्तरण गरेको उहाँले जानकारी दिनुभयो। भाजपाको चुनावी वाचा तृणमूल सरकारको लक्ष्मी भण्डारबाट प्राप्त आर्थिक सहयोग दोब्बर बनाउने थियो।

**संशो पश्चिम बंगाल मंत्री-बैठक**

पश्चिम बंगाल की महिला, बाल विकास एवं सामाजिक कल्याण मंत्री **अग्निमित्रा पॉल** ले हिज सिलीगुड़ीमा एक उच्च स्तरीय प्रशासनिक समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। पदभार ग्रहण गरेपछि यो सुश्री **अग्निमित्रा पॉलको** उत्तर बंगाल क्षेत्रको पहिलो आधिकारिक भ्रमण हो।

बैठकमा नगरपालिका मामिला, महिला, बालविकास, समाज कल्याण, आपदा प्रबंधन, सरसफाइ, जल निकासी, फोहरमैला व्यवस्थापन, ट्राफिक नियमन, विभिन्न सरकारी योजनाको कार्यान्वयनबारे छलफल भएको थियो।
पछि पत्रकारहरूसँग कुरा गर्दै सुश्री अग्निमित्रा पलले भन्नुभयो कि दार्जीलिङ, मिरिक, खर्सांग, कालिम्पोङ र सिलिगुडीलाई चाँडै पाँच हिमाली शहरहरूको रूपमा विकास गरिनेछ। उहाँले भन्नु भयो केन्द्रीय आवास एवम् शहरी मामिलामन्त्री मनोहर लालले यी शहरहरूको विकासका लागि समर्थन व्यक्त गर्नुभएको छ। यसले पर्यटन, व्यापार, चिया उद्योग र क्षेत्रीय अर्थतन्त्रलाई बढावा दिनुका साथै रोजगारीका अवसरहरू प्रदान गर्नेछ।

**byte**

**महिला अनि बाल विकास र सामाजिक वेलफेयर मन्त्री अग्निमित्र पललाई हिज आईतवार खरसाङमा भव्य स्वागत**

पश्चिम बंगालकी शहरी विकास अनि नगरपालिका मामिला मन्त्रालय, महिला अनि बाल विकास र सामाजिक वेलफेयर मन्त्री अग्निमित्र पललाई हिज आईतवार खरसाङमा भव्य स्वागत गरिएको छ। मन्त्री अग्निमित्र पल दार्जिलिङ पहाडको भ्रमणमा आएकी छन् दार्जिलिङ जाने क्रममा खरसाङको टुरिस्ट लज परिसरमा मन्त्री अग्निमित्र पललाई भारतीय जनता पार्टी खरसाङको तर्फबाट पहाडमा स्वागत जनाउँदै खदार्पण गरेका छन्। मन्त्री अग्निमित्र पलसित दार्जिलिङका सांसद राजु विष्ट र खरसाङका विधायक सोनाम लामा पनि उपस्थित रहेका थिए।

**NTA - पुनर्परीक्षा**

राष्ट्रिय परीक्षण एजेन्सीले २१मईमा हुने NEET-UG २०२६ को पुनर्परीक्षाको लागि केन्द्रहरूको सूचना जारी गरेको छ। एजेन्सीले जारी गरेको सार्वजनिक सूचना अनुसार, भारतभरिका ५५१ शहरहरू र विदेशका १४ शहरहरूमा दिउँसो २:०० बजेदेखि साँझ ५:१५ बजेसम्म पुन:परीक्षा कलम र कागज मोडमा सञ्चालन हुनेछ। NTA ले स्पष्ट पारेको छ कि परीक्षा शहर जानकारी पर्ची प्रवेश पत्र होइन र उम्मेदवारहरूलाई उनीहरूको परीक्षा केन्द्र शहरको बारेमा जानकारी दिन मात्र जारी गरिएको छ। एजेन्सीले परीक्षासँग सम्बन्धित नवीनतम घोषणाहरू र प्रवेश पत्र जारी गर्नका लागि उम्मेदवारहरूलाई यसको आधिकारिक वेबसाइटहरूमा अद्यावधिक रहन आग्रह गरेको छ। यस वर्ष मेडिकल कोर्सहरूमा भर्नाको लागि NEET-UG परीक्षा ३ मई मा आयोजित गरिएको थियो, तर पेपर लिकको आरोप लागेपछि NTA ले १२ मई मा रद्द गर्‍यो। CBI ले हाल यस विषयमा अनुसन्धान गरिरहेको छ, र पुन:परीक्षा २१ जूनमा हुने तय गरिएको जानकारी प्राप्त भएको छ।

**टिस्टा नदी दुर्घटनामा बेपत्ता भएका नाबालिकसहित चार जनाको मृतदेह भेटियो**

सिक्किमबाट सिलगढ़ीतर्फ जाने क्रममा गत ५ तारिक जुन अचानक राष्ट्रिय राजमार्ग 10 मा सम्पर्कबिहीन बनेका एकै परिवारका चार सदस्यको हिज आइतबार शव फेला परेको छ। चारै जनाको शव उनीहरू यात्रा गरिरहेको वाहनभित्र भेटिएका छन्। हिज आइतबार बिहानदेखि चलाइएको खोज एवं उद्धार अभियानका क्रममा टिस्टा नदीमा फेला परेको वाहनभित्र चारै जनाको शव पनि फेला परेको हो। मृतकहरूमा एक नाबालक पनि सामेल छन्।

स्रोतका अनुसार, उक्त परिवार शुक्रबार सिक्किमबाट सिलगढ़ीतर्फ जाँदै थियो। उनीहरू सिलगढ़ीमा उपचाराधिन आफन्तलाई भेट्न गइरहेका थिए। उनीहरूसँग अन्तिम पटक राष्ट्रिय राजमार्ग १० अन्तर्गत रम्बी क्षेत्रमा भएको बताइएको छ। त्यसपछि उनीहरूसँग सम्पर्क हुन सकेको थिएन। जसपछि, बेपत्ता भएका परिवारको खोजतलास शुरु गरिएको थियो।खोज एवं उद्धार अभियानमा एनडीआरएफ, स्थानीय पुलिस तथा जिल्ला प्रशासन जुटेका थिए।

**टिस्टा दुर्घटनाप्रति मुख्यमन्त्री प्रेमसिंह तामाङले दुःख व्यक्त गरे**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले राष्ट्रिय राजमार्ग १०ए मा दुर्घटनामा परेर एक नाबालिकसहित सिक्किमका चार जनाले ज्यान गुमाएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ । उहाँले शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्नुहुदै दिवंगत आत्माहरूको चिरशान्तिको लागि प्रार्थना गर्नुभएको छ ।मुख्यमन्त्री तामाङले सामाजिक सञ्जाल पोस्टमा, 'सिलगढ़ीतर्फ यात्रा गर्ने क्रममा 5 जूनका दिन भएको दुःखद दुर्घटनामा परेर काबी-लुङचोक निर्वाचन क्षेत्रको लिङ्डोक निवासी चार जनाले ज्यान गुमाएको खबरले आफु अत्यन्त दुःखी र मर्माहत भएको बताउनु भएको छ । मुख्यमन्त्रीले खोज तथा उद्धार अभियानका क्रममा अथक प्रयास र सहयोगका लागि पश्चिम बङ्गाल सरकार, पश्चिम बङ्गाल पुलिस, ट्राफिक पुलिस, एनडीआरएफ, टिस्टा रिभर राफ्टाङ कमिटी, समाजसेवीहरू तथा स्थानीय बासिन्दाप्रति पनि हार्दिक आभार व्यक्त गर्नुभएको छ सावधानीले यस्ता हृदयविदारक घटनाहरू रोक्न र आफ्ना प्रियजनहरूको सुरक्षा सुनिश्चित गर्न मद्दत गर्न सक्ने उल्लेख गर्नु भएको छ ।

वरिष्ठ वाम नेता अशोक भट्टाचार्य घाइते, अस्पतालमा भर्ती

सिलगढ़ी शहरका पूर्व मेयर एवं राज्यका पूर्व मन्त्री तथा वरिष्ठ वाम नेता अशोक भट्टाचार्य गए शनिवार राती , सिलगढ़ीको एक निजी अस्पतालमा भर्ती भएका छन् । प्राप्त जानकारी अनुसार घरमै लड़ेर उनको शिरमा गम्भीर चोट लागेको छ।

बताइन्छ, टाउकोमा गहिरो चोट लागेको कारणले उनको स्थिति चिन्ताजनक भएपछि चिकित्सकहरूले उनको स्थितिलाई ध्यानमा राखेर तुरून्तै उन्नत उपचार शुरू गरेका छन्। हाल उनी चिकित्सकहरूको निगरानीमा छन्। अर्कोतिर मन्त्री भएपछि हिज आइतवार मात्र सिलगढ़ी फर्केका शङ्कर घोष अशोक भट्टचार्यलाई हेर्नका लागि नर्सिङ्ग होममा पुगेका थिए जहाँ उनले भट्टाचार्यसित बातचित गरेपछि चिकित्सकहरूसित पनि उनको स्वस्थ बारे बातचित गरे। स्मरण गराइन्छ, अशोक भट्टाचार्य सिलगढ़ीको राजनीतिको एउटा ठूलो सम्मानित अनुहार रहिआएका छन्। अहिलेघरि उनको स्वास्थ्य माथि चिकित्सकहरूले विशेष नजर राखिरहेका छन्।

**आर्मी रिक्रुटमेन्ट फिजिक्स ट्रेनिङ इन्स्टिट्युट खरसाङमा बिदाई तथा सम्मान कार्यक्रम**

आर्मी रिक्रुटमेन्ट फिजिक्स ट्रेनिङ इन्स्टिट्युट खरसाङको आयोजनामा पाँचौं ब्याचका लागि हिज बिदाई तथा सम्मान कार्यक्रम आयोजना गरिएको छ। खरसाङ अन्तर्गत गिद्ध पहाडको चौकी डाँडास्थित तरुण संघको सार्वजनिक भवनमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता प्रेस क्लब अफ् खरसाङका सभापति एवं वरिष्ठ पत्रकार मुरारीलाल पञ्चमले गरेका थिए।

**भूटान-भूकंप**

भुटानमा ५.८ म्याग्नीच्यूडको भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार हिज राति ११ बजेर ६ मिनेटमा भूटानको पुनाखा नजिकै २६ किलोमिटर गहिराईमा भूकम्प गएको हो । त्यसपछि २.८ र २.४ म्याग्निच्युडको भूकम्प गएको थियो ।अहिले सम्म कुनै प्रकारको नुकसान अथवा मानवीय क्षति भएको खबर प्राप्त भएको छैन।

****** ० ******